सुदूरपांश्चेम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय
डडेल्धुरा

फोनः ०९६-५९०९२९

प.स.०८३/८४

च.नं.

पर्यावरणीय (Agroecological) कृषि प्रवर्द्धनका लागि लघु, साना तथा मझौला उद्यमी (MSMEs) हरु सँग सह-लगानीमा कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०६/३० गते)

नेपाल सरकार र कृषि विकासका लागी अन्तरराष्ट्रिय कोष (IFAD) को सम्झौता बमोजिम संचालित यस उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रम (RHVAP), प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय,डडेल्धुरा को R-HVAP कार्यक्रम लागु भएका स्थानीय तह एवम सुदूरपश्चिम प्रदेशमा बजार-उन्मुख पर्यावरणीय कृषि (Agroecological Production) को विस्तार, कृषि सामग्री उत्पादन, प्रशोधन तथा बजारीकरण सुदृढीकरणका लागि **लघु, साना तथा मझौला उद्यमी (MSMEs)** हरु सँग सह-लगानीमा कार्यक्रम सञ्चालन गर्न लागिएकाले इच्छुक तथा तोकिएको मापदण्ड पुगेका कृषि फर्म, कृषि उद्यमी, कृषि कम्पनी, प्रशोधनकर्ता, कृषि सामग्री/जैविक मल तथा विषादी उत्पादक/वितरक, नर्सरी सञ्चालक, भण्डारण तथा बजारीकरण व्यवसायी वा सेवा प्रदायकहरूबाट यस कार्यालयमा तोकिएको निवेदन ढाँचा (अनुसूची अनुसार) मा निवेदन पेश गर्न हुन अनुरोध छ।

१. **सह-लगानी उपलब्ध गराइने मुख्य क्षेत्रहरू :**

क. जैविक सामग्री उत्पादनः स्थानीय जैविक मल तथा जैविक विषादी (Bio-fertilizer & Bio-pesticide) उत्पादन केन्द्र/इकाइ स्थापना वा स्तरोन्नति।

ख. बीउ तथा स्रोत केन्द्रः स्वदेशी उन्नत/स्थानीय/रैथाने बीउविजन, बिरुवा नर्सरी, स्रोत केन्द्र तथा प्रजनन केन्द्र (Resource Centre) स्थापना।

ग. कटानीपछिको पूर्वाधारः उच्च मूल्य कृषि वस्तुको भण्डारण एवम प्रशोधन उद्योग (Processing Units), सङ्कलन केन्द्र, ग्रेडिङ तथा प्याकेजिङ सुविधाहरू।

घ. नवीकरणीय ऊर्जा तथा प्रविधिः वातावरणमैत्री र नवीकरणीय ऊर्जा (Solar/Biogas) आधारित कृषि औजार तथा प्रविधि।

ङ. बजारीकरण तथा प्रवर्द्धनः कृषि उपजको ब्रान्डिङ, बजारीकरण, गुणस्तर निर्धारण, ट्रेसबिलिटी प्रणाली (ICT based traceability) र बजार विस्तार।

२. **सह-लगानीको दायरा तथा आवेदकको योग्यता :**

- **फार्म-स्तरको जैविक सामग्री उत्पादन तथा बजारीकरण/कृषि-पर्यटन (विन्डो २)** का लागि सम्बन्धित क्षेत्रमा कम्तीमा १ वर्षको अनुभव भएको।
- **मझौला स्तरको जैविक सामग्री उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण/मूल्य अभिवृद्धि (विन्डो ३)** का लागि सुदूरपश्चिम प्रदेश अन्तर्गतका जिल्लामा मूल्य अभिवृद्धि, प्रशोधन, ब्रान्डिङ, भण्डारण वा जैविक सामग्री उत्पादनमा कम्तीमा २ वर्षको अनुभव भएको।
- आवेदक MSMEs ले प्रत्येक १,००० अमेरिकी डलर अनुदान बराबर कम्तीमा ४ जना साना कृषक घरधुरीहरू (POs/Smallholders) लाई सेवा प्रदान गर्ने वा उनीहरूको उत्पादन खरिद/बजारीकरण सुदृढ गर्ने स्पष्ट कार्ययोजना पेश गर्नुपर्नेछ।
- विगत **३ वर्षमा** कुनै पनि सरकारी वा गैर-सरकारी निकायबाट सोही कार्य/गतिविधिका लागि सह-लगानी वा अनुदान नलिएको हुनुपर्नेछ। \
- निवेदन वर्षभरि खुला रहनेछ। निवेदन दिन कुनै शुल्क/राजस्व लाग्ने छैन। एक पटक निवेदन दिइसकेका **लघु, साना तथा मझौला उद्यम (MSMEs)** ले सोही कार्यक्रमका लागि पुनः निवेदन दिनुपर्ने छैन।
- स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रही कार्यक्रम संचालन गरिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय
डडेल्धुरा

फोन: ०९६-५९०९२९

प.स.०८३/८४

च.नं.

३. सह-लगानी सिमा :

- कुल स्वीकृत लागतको ५०% R-HVAP कार्यक्रमको सह-लगानी र बाँकी ५०% सम्बन्धित **लघु, साना तथा मझौला उद्यम (MSMEs)** को स्वयं लगानी हुनेछ र सह लगानीको सिमा Co-Investment Guideline मा तोकिए बमोजिम हुनेछ

४. कार्यक्रम संचालन हुने क्षेत्र, शर्त तथा सुविधाहरु :

क) **Window-2 को लागी कार्यक्षेत्र:**

सी न	जिल्ला	स्थानीय तह	सी न	जिल्ला	स्थानीय तह
१	बझाङ	वित्थडचिर गा.पा.	१०	डडेल्धुरा	अजयमेरु गा.पा.
२		बुँगल न.पा.	११		नवदुर्गा गा.पा.
३		छविसपाथिभेरा गा.पा.	१२	अछाम	ढकारी गा.पा.
४		दुर्गाथलि गा.पा.	१३		कमलबजार न.पा.
५		केदारस्युँ गा.पा.	१४		मेल्लेख गा.पा.
६		थलारा गा.पा.	१५		तुर्माखाँद गा.पा.
७	डोटी	वडिकेदार गा.पा.	१६	बैतडी	पुचौंडी न.पा.
८		बोगटान गा.पा.	१७		सिगास गा.पा.
९		जोरायल गा.पा.			

ख) **Window -3 को लागी कार्यक्षेत्र:** सुदूरपश्चिम प्रदेश भरि

<u>क) आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१. कानुनी तथा व्यावसायिक कागजातहरू

- **व्यवसाय दर्ताको प्रमाणपत्र:** फर्म, कम्पनी वा उद्योग दर्ता भएको अद्यावधिक प्रमाणपत्र।
- **प्यान वा भ्याट दर्ता (PAN/VAT Certificate):** कर प्रणालीमा आबद्ध भएको प्रमाणपत्र।
- **कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate):** पछिल्लो आर्थिक वर्षको कर चुक्ता र लेखापरीक्षण (Audit) गरेको कागजात र windows-3 को हकमा बिगत दुइ वर्षको कर चुक्ता र लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।
- **प्रबन्धपत्र र नियमावली:** (कम्पनीको हकमा) कम्पनीको उद्देश्य र लगानी संरचना

२. अन्य सहयोगी कागजातहरू

- **नागरिकताको प्रतिलिपि:** उद्यमी वा कम्पनीका मुख्य संचालकको पहिचान खुल्ने प्रमाण।
- **जग्गा धनी प्रमाणपूर्जा:** पूर्वाधार निर्माणको हकमा व्यवसाय सञ्चालन भइरहेको वा गरिने ठाउँको जमिन सम्बन्धित फर्म, कम्पनी वा उद्योगको नाममा रहेको प्रमाण
- **दोहोरो सुविधा नलिएको स्व-घोषणा पत्र:** उद्यमीले सोही कार्यक्रम वा उस्तै प्रकृतिका योजनाका लागि अन्य कुनै सरकारी निकाय वा परियोजनाबाट अनुदान नलिएको लिखित प्रतिबद्धता
- **कालोसूचीमा नपरेको प्रमाण:** कर्जा सूचना केन्द्र (CIB) को सिफारिस वा सरकारी निकायको कालोसूचीमा नपरेको स्व-घोषणा वा सिफारिस।

सुदूरपश्चिम प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय डडेल्धुरा

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय
डडेल्धुरा

फोनः ०९६-५९०९२९

प.स.०८३/८४

च.नं.

- **स्व-घोषणा वा प्रतिबद्धता पत्र (Commitment Letter):** कार्यक्रमले तोकेको प्रतिशत रकम समयमै आफ्नै स्रोत वा वैंकबाट व्यहोर्ने छु भनी सञ्चालक/उद्यमीले गरेको लिखित प्रतिबद्धता।

ख) आशय पत्र छोटो सुचिका लागी (Short List) छनौट भएको अवस्थामा आशय पत्र दाताले थप तपसिल बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ

१. वित्तीय क्षमता र सह-लगानीको प्रमाण

- **बैंक खाताको विवरण (Bank Statement):** उद्यमीसँग आफ्नो हिस्साको लगानी गर्न पर्याप्त मौज्दात (Balance) रहेको प्रमाणित गर्ने पछिल्लो ३ देखि ६ महिनाको बैंक स्टेटमेन्ट।
- **बैंक स्विकृति पत्र (Bank Credit Line/Loan Sanction Letter):** यदि उद्यमीले सह-लगानीको रकम बैंक ऋणमार्फत व्यहोर्ने हो भने बैंकले ऋण लगानी गर्न दिएको पूर्व-स्विकृति पत्र।

२. प्राविधिक तथा योजनागत कागजातहरू

- **विस्तृत व्यावसायिक योजना (Business Plan/):** कार्यक्रमअन्तर्गत गरिने कार्यको उद्देश्य, कुल लागत, बजार विश्लेषण, सह लगानी बाट Producers Organizations (Pos) हरुलाई दिने सेवाको विवरण र लगानी बाट प्रतिफल देखिने स्पष्ट योजना।
- **लागत अनुमान (Cost Estimate):** सह-लगानी हुने क्षेत्र (मसिनरी, भवन, प्रविधि आदि) को कोटेशन वा इन्जिनियरिङ स्टिमेट।

नोटः Window-2 & Window-3 को लगानीको सिमा एवम थप जानकारी लिन Programme Implemenation Mannual (PIM) मा व्यवस्था भएको Co-Investment and Infrastructure Development Guideline हेर्न सक्नु हुनेछ र थप जानकारीका लागी यस कार्यालयको वेवसाइट https://pmorhvap.sudurpashchim.gov.np/ बाट जानकारी लिनु साथै यस कार्यालयको फोनः ०९६-५९०९२९ वा ९८५१४०६४८४ वा ९८५१४०६४८५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय
डडेल्धुरा